नेपाल सरकार

शहरी विकास मन्त्रालय

# स्थानीय पूर्वाधार विकास विभाग

# सस्पेन्सन बृज डिभिजन

पुल्चोक, ललितपुर

## ठेक्का सम्झौता अन्त्य गरिएको तथा फरफारक सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/१२/२०**

यस डिभिजन अन्तर्गत संचालित तपसिल बमोजिमका ठेक्का सम्झौताहरूको निर्माण कार्य निर्धारित अवधि भित्र सम्पन्न गर्न नसकेको तथा निर्माण व्यवसायीहरूलाई लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजहरूले ठेक्का सम्झौता बमोजिम आफ्नो कार्य दायित्व पूरा नगरेकोले राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी ठेक्का तोड्नु नपर्ने कुनै कारण भएमा मनासिब स्पष्टीकरण सहित यस कार्यालयमा आधिकारिक प्रतिनिधि उपस्थित हुन अनुरोध गरिएकोमा चित्तबुझ्दो स्पष्टीकरण पेश नगरेको र कार्यतालिका बमोजिमको प्रगति हासिल नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) एवं खरिद सम्झौताको शर्त General Conditions of Contract को Clause 72.1, 72.2 ? 72.3(b) समेतको आधारमा यस डिभिजनको मिति २०८२/१२/१९ को निर्णयानुसार खरिद सम्झौता अन्त्य गरिएको छ। यस पश्चात् प्रचलित खरिद ऐन, नियम र ठेक्का सम्झौताको शर्त बमोजिम कार्य सम्पादन जमानत र धरौटी बापतको रकम जफत गरिने र निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सिफारिस गरिने छ। साथै, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार Post Termination Evaluation गरी स्थापित हुने रकम सरकारी बाँकी सरह असुल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र निर्माण व्यवसायीहरूलाई यस डिभिजनमा सम्पर्क राखी वित्तीय फरफारक गर्न अनुरोध गरिन्छ। निर्माण व्यवसायी वा निजका प्रतिनिधि उपस्थित नभएमा डिभिजनबाटै उक्त कार्य गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|---|
| १ | CTP-02/074/75 | Pilampa Suspended Trail Bridge, Khotang | श्री निलगिरी निर्माण सेवा प्रा.लि., का.म.न.पा. ३४, भीमसेनगोला, काठमाडौं |
| २ | CTP-26/075/76 | Kyogma Trail Bridge, Gorkha | श्री हरिहरि/शर्मिला जे.भी., रोल्पा |
| ३ | CTP-38/077/78 | Construction of Thumi Budhegara Trail Bridge, Gorkha; and Likhu Khola Trail Bridge, Dhading | श्री निलगिरी निर्माण सेवा प्रा.लि., का.म.न.पा. ३४, भीमसेनगोला, काठमाडौं |

**योजना प्रमुख**